**नेपालनागरिक उड्डयनप्राधिकरण**

# नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान

**सानोठिमी भक्तपुर**

## Basic ARFF-011तालिमकालागि दरखास्तआव्हान

**(प्रथम पटक प्रकाशितमिति २०७६/०१/०९)**

नेपालनागरिक उड्डयनप्राधिकरण,नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानद्धारा संचालनगर्न लागेको आधारभुतविमानस्थल उद्धार तथाअग्नि नियन्त्रण(Basic Aerodrome Rescue and Fire Fighting Course-011)तालिमकालागिखुल्लातथा समावेशी परीक्षाद्धारा प्रशिक्षार्थी छनौट गर्न देहायबमोजिम योग्यतापुगेका इच्छुक नेपालीनागरिकहरुबाट रीत पूर्वक दरखास्तआव्हानगरिएकोछ । साथै रीत नपुगीतथाम्याद नाघी आएको दरखास्तफारामउपर कुनै कारवाहिहुने छैन ।

| सि.नं. | विज्ञापन नं. | खुलातथा समावेशी | प्रशिक्षार्थी संख्या |
|---|---|---|---|
| १ | ६/०७५/७६ | खुल्ला | ९ (नौ) |
| २ | ७/०७५/७६ | महिला | २ (दुई) |
| ३ | ८/०७५/७६ | आदिवासी/जनजाती | २ (दुई) |
| ४ | ९/०७५/७६ | मधेसी | २ (दुई) |
| ५ | १०/०७५/७६ | दलित | १ (एक) |

**दरखास्तफारामपाइने स्थानः**नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान, सानोठिमी, भक्तपुर ।

**दरखास्तफाराम दस्तुरः** रु. २००।- (दुई सय मात्र)

**परीक्षा दस्तुरः** रु. ४००।-(चार सय रुपैया मात्र) तर एक भन्दा बढी समुहमा दरखास्तदिएमाप्रत्येक समुहको लागि ५०%थप दस्तुर लाग्नेछ ।

**फाराम दस्तुर र परीक्षा दस्तुर जम्मागर्नुपर्ने स्थानः** राष्ट्रिय वाणिज्य बैंकको जुनसुकै शाखाकार्यालयहरुमा रहेको यस प्रतिष्ठानको खाता नं. १६९०००००९५०१ माजम्मागर्नुपर्ने छ । दरखास्तफारामको लागिआवेदनकर्ताको नाम स्पष्ट उल्लेख गरी दस्तुर बुझाएको सक्कलभौचर पेश गरेमामात्र दरखास्तफारामप्राप्तहुनेछ ।

**दरखास्तफारामबुझाउने अन्तिममितिः**प्रथम पटक विज्ञापन प्रकाशितभएको मितिले २१ (एक्कास)दिन र दोब्बर दस्तुर तिरी थप७ (सात) दिनभित्र । साथै दरखास्तफारामबुझाउने अन्तिमदिनविदा परेमा सोको भोलिपल्टसम्म दरखास्तफारामबुझाउन सकिनेछ ।

**आवश्यकन्यूनतम योग्यताः**

१. **शैक्षिक योग्यताः**मान्यताप्राप्त शैक्षिक संस्थाबाट एस एल सी वाS.E. Eमाकम्तिमाGPA 2.0प्राप्तगरि उत्तीर्ण गरेको हुनुपर्ने ।

२. **उमेरः** दरखास्तफारामबुझाउनेअन्तिममितिसम्म १८ बर्ष पुरा भै २५वर्ष ननाघेको ।

३. **उचाईः** ५ फिट २ इन्च । ४. **छातीः**कम्तिमा ३२ इन्च र फुलाउदा ३४ इन्चहुनु पर्ने । ५. **वजनः** ५२ के जी

**परीक्षाको किसिमः**

**१. शारीरिक दक्षता परीक्षण** **२. लिखित परीक्षा** **३. अन्तर्वार्ताः**

४. **अन्तर्वार्ताबाट सफलभएकाप्रशिक्षार्थीहरुले** Civil Aviation Medical Assessor (CAMA)बाटBasic ARFF Courseको Appendix-1**माव्यवस्थाभएबमोजिमआ ̐ नै खर्चमा स्वास्थ्य परीक्षण गराई आधारभुतविमानस्थल उद्धार तथाअग्नि नियन्त्रण तालीमकालागि**Physically and Mentally Fit **रहेको सिफारिश पेश गर्नु पर्नेछ ।**

**तालीमअवधिः** १४ (चौध) हप्ताको हुनेछ ।

**शारीरिक दक्षता परीक्षण र लिखित परीक्षाको मिति र परीक्षा केन्द्रः** पछि प्रकाशितगरिनेछ ।

**दरखास्तफाराम साथ पेश गर्नुपर्ने कागजातहरुः**नेपालीनागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाणपत्रहरु र उमेर खुलेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ) ।विदेशीवोर्डबाट उत्तीर्ण भै शैक्षिक योग्यताहासिल गरेको आवेदकले परीक्षा नियन्त्रण कार्यालयबाट समकक्षतानिर्धारण गरिएको कागजात पेश गर्नुपर्नेछ । यस सम्बन्धमाथपजानकारी चाहिएमानागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानको विमानस्थल उद्धार तथाअग्निनिवारण संकाय र प्रशासनशाखामाबुझ्न सकिनेछ ।

**समावेशीतर्फकाप्रशिक्षार्थीहरुले पेश गर्नुपर्ने थपकागजातहरुः**

१.आदिवासी/जनजातीको हकमा नेपालआदिवासी/जनजातीउत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातीको हकमा सोही सूचनाको आधारमा, तर नेपालआदिवासी/जनजातीउत्थान राष्ट्रिय प्रतिष्ठानमा सूचीकृत भएको जातीभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीयनिकायको प्रमुखको सिफारिशमाप्रमुखजिल्लाअधिकारीबाट सूचीकृत भएको जातीभित्रको थर हो भनी प्रमाणित गरेको प्रतिलिपि दरखास्तफारामसाथ पेश गर्नुपर्नेछ ।

२. मधेसीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचनाप्रकाशित गरी तोके बमोजिमकै संस्थाबाट मधेशीभनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचनाप्रकाशन गरी संस्थानतोकेसम्म सम्बन्धित स्थानीयनिकायको प्रमुखको सिफारिशमाप्रमुखजिल्लाअधिकारीबाट मधेशीभनी प्रमाणित गराएको काजजात दरखास्तफाराम साथ पेश गर्नुपर्नेछ ।

३. दलितको हकमा राष्ट्रिय दलितआयोगबाट सूचीकृत भएको जातीको हकमा सोहीआधारमा, तर राष्ट्रिय दलितआयोगबाट सूचीकृत भएको जातीभित्र एक भन्दा बढी थर भएमा सम्बन्धित स्थानीयनिकायको प्रमुखको सिफारिशमाप्रमुखजिल्लाअधिकारीबाट सूचीकृत भएको जातीभित्रको थर हो भनी प्रमाणित गराएको कागजात दरखास्तफारामसाथ पेश गर्नुपर्नेछ ।

**दरखास्ततथा परीक्षा सम्बन्धीविशेष शर्त तथाजानकारी**

१. Physical Fitness Assessment र Physical Measurement Test उत्तीर्ण गरेकाप्रशिक्षार्थीहरु लाई मात्रPhysical Efficiency Testमा सहभागी गराइनेछ । त्यसरी नै Physical Efficiency Test उत्तीर्ण गरेकाप्रशिक्षार्थीहरुलाई मात्रलिखित परीक्षामा सहभागी गराइनेछ ।

२. खुल्ला र समावेशीप्रतियोगिताकाआधारमालिइने प्रशिक्षार्थी छनौट परीक्षा संयुक्त रुपमा एकै सिटिङ्गमा लिइनेछ ।

३. तालीमकालागिप्रशिक्षार्थी छनौट भै तालीम उत्तीर्ण गरी सकेपछि प्राधिकरणको दरबन्दीमा रिक्त रहेको प्राविधिक सेवाएभिएशनफायर समुहअन्तर्गत रिक्त रहेको तहमा नेपालनागरिक उड्डयनप्राधिकरण कर्मचारीहरुको सेवाकाशर्त र सुविधा सम्बन्धीनियमावलीअनुसार प्रक्रिया पूरा गरी नियुक्तगरिनेछ । यो सूचना नेपालनागरिक उड्डयनप्राधिकरणको वेभ साइट www.caanepal.gov.npमापनि हेर्न सकिनेछ ।